# कुरिटिबा घोषणापत्र , १९९७

बाँधप्रभावित जनताको जीवन र जीविकाको अधिकारको समर्थन गर्दै “बाँधद्वारा प्रभावित जनताको पहिलो अन्तर्राष्ट्रिय भेला” द्वारा स्वीकृत

१४ मार्च १९९७, कुरिटिबा, ब्राजिल

बाँधप्रभावित जनता तथा ध्वङ्सात्मक बाँधविरोधी जनसङ्गठनका प्रतिनिधि हामी २० देशका नागरिकहरू ब्राजिलको कुरिटिबामा भेला भयौं र बाँधका कारण भोग्नुपरेका नोक्सानी र सन्त्रासबारे आ ना अनुभवहरू आदानप्रदान गर्‍यौं । हाम्रा साँस्कृतिक, सामाजिक, राजनीतिक र वातावरणीय वास्तविकताहरू भिन्दाभिन्दै भए तापनि हाम्रा सङ्घर्षहरू एउटै हुन् ।

हाम्रा सङ्घर्षहरू एउटै हुन् किनकि सबै ठाँउहरूमा बाँधहरूले मानिसहरूलाई बेघर बनाउँछन्, खेतीयोग्य जमिन, जङ्गल र पवित्रस्थलहरू डुबाउँछन्, मत्स्यपालन र स्वच्छ पानीको आपूर्ति नष्ट गर्छन्, साँस्कृतिक तथा सामाजिक विखण्डन निम्त्याउँछन् र हाम्रा समुदायहरूलाई निर्धन तुल्याउँछन् ।

हाम्रा सङ्घर्षहरू एउटै हुन् किनकि सबै ठाँउहरूमा बाँधनिर्माताहरूले बाचा गरेका आर्थिक तथा सामाजिक लाभ र बाँध निर्माण भइसकेपछिको वास्तविकताबीच ठूलो खाडल रहन्छ । प्रायशः सबैजसो बाँधहरूको सामाजिक तथा वातावरणीय लागत समावेश गर्नुपूर्व नै पनि वास्तविक लागत निर्धारित लागतभन्दा बढी हुन्छ, । बाँधहरूले बाचा गरेभन्दा कम विद्युत् उत्पादन गरेका छन् र कम जमिन सिँचाइ गरेका छन् । तिनले बाढीलाई अझ बढी ध्वङ्सात्मक बनाएका छन् । बाँधहरूले जमिन्दार, कृषिजन्य व्यापारसङ्घ र सट्टाखोरहरूलाई फाइदा पुर्‍याएका छन् । तिनले साना किसान, ग्रामीण श्रमिक, मछुवा, जातीय, आदिवासी र परम्परागत समुदायहरूलाई बेदखल गरेका छन् ।

हाम्रा सङ्घर्षहरू एउटै हुन् किनकि हामी उस्तै प्रकारका नीहित स्वार्थ, अन्तर्राष्ट्रिय लगानीकर्ता, उनै बहुपक्षीय तथा द्विपक्षीय सहायता तथा कर्जा निकाय, उनै बाँध निर्माण र उपकरण कम्पनी, उनै इन्जिनियरिङ र वातावरणीय परामर्शदाता तथा उनै उच्च अनुदानमा सञ्चालित सघन ऊर्जाउद्योगविरूद्ध जुझिरहेका छौं ।

हाम्रा सङ्घर्षहरू एउटै हुन् किनकि सबै ठाँउहरूमा बाँधद्वारा सबैभन्दा पीडितहरू निर्णय निरुपणबाट अलग्याइएका छन् । यस्ता प्रतिकूल निर्णयहरू बाँध निर्माणद्वारा आ नो शक्ति र सम्पत्ति विस्तार गरिरहेका प्राविधिक, राजनीतिज्ञ र व्यापारिक सम्भ्रान्तहरू बाट हुने गर्दछन् ।

हाम्रा सङ्घर्षहरूले हामीलाई ध्वङ्सात्मक बाँध निर्माणको युग अन्त्य गर्न आवश्यक र सम्भव छ भन्ने विश्वास दिलाएका छन् । यसका साथै ऊर्जा उपलब्ध गराउन र हाम्रो स्वच्छ पानी व्यवस्थापनका धेरै समतामूलक, दिगो एवम् प्रभावकारी वैकल्पिक उपायहरू अवलम्बन गर्न आवश्यक र सम्भव छ भन्ने पनि देखाएका छन् ।

यसका निम्ति हामी वास्तविक लोकतन्त्रको माग गर्दछौं जसले राजनीतिक शक्तिको विकेन्द्रीकरण र स्थानीय समुदायहरूको सशक्तीकरणसहित जल तथा ऊर्जा नीतिहरूको विकास तथा कार्यान्वयनमा जनसहभागिता र पारदर्शितालाई समावेश गर्दछ । हामीले जमीनमाथिको समतामूलक पहुँचसहितका उपायहरूद्वारा असमानतालाई घटाउनु पर्छ । हामी आ नो पानी, जमिन, जङ्गल तथा अन्य स्रोतहरूको नियन्त्रण र व्यवस्थापन गर्ने समुदायहरूको अविच्छिन्न अधिकार र सबै मानिसको स्वस्थ्य वातावरणको अधिकारमाथि जोड दिन्छौं ।

हामी यस्तो समाजतर्फ अग्रसर हुनुपर्छ कि जहाँ मानिस र प्रकृति बजारअर्थतन्त्रको तर्कमा सीमित रहने छैन, जहाँ बस्तुहरूको मात्र मूल्य हुन्छ र एउटै लक्ष्य मुनाफा हुन्छ । हामी यस्तो समाजतर्फ अग्रसर हुनुपर्छ कि जसले विविधतालाई सम्मान गर्दछ र जो जनता, क्षेत्र र राष्ट्रहरूबीच समतामूलक र न्यायपूर्ण सम्बन्धहरूमा आधारित हुन्छ ।

हाम्रा साझा अनुभवहरूले हामीलाई निम्न कुराहरूमा सहमत तुल्याए;

pdfMachine by Broadgun Software

१. हामी विश्व बैङ्कको ठूला बाँधहरूमा लगानीसम्बन्धी सन् १९९४ को "मानिवेली घोषणा" र सन् १९९२ को "गैरसरकारी संस्था तथा सामाजिक आन्दोलनहरूको रियो दि जेनेरियो घोषणा" का सिद्धान्तहरूको समर्थन र प्रबर्द्धन गर्दैछौँ ।

२. हामी सुसूचित एवम् सहभागितामूलक निर्णयनिरूपण प्रक्रियाद्वारा प्रभावित जनताको स्वीकृतीबिना निर्माण हुने कुनै पनि बाँधको विरोध गर्दैछौँ ।

३. हामी सरकार, अन्तर्राष्ट्रिय निकाय र लगानीकर्ताहरू समक्ष ठूला बाँध निर्माणका कार्यहरू तत्कालै स्थगित गर्न माग गर्दैछौँ; जबसम्म;

(क) बाँधप्रभावित जनता र बाँधको विरोध गर्ने सङ्गठनहरू विरुद्ध हुने सबै प्रकारका हिंसा र धम्कीहरूमा रोक नलागेसम्म ।

(ख) बाँधका कारण अहिले नै जीविका माथि प्रतिकूल असर भोगिरहेका लाखौँ जनतासँग पर्याप्त जमिन, आवास र सामाजिक पूर्वाधारका प्रावधानसहितको क्षतिपूर्तिका सम्बन्धमा सम्झौता नगरेसम्म ।

(ग) बाँधका कारण बिग्रिएको वातावरण पुनर्स्थापना गर्ने कार्य नगरेसम्म जसको निमित्त बाँधहरू नै हटाउनुपर्ने आवश्यकता पनि पर्नसक्छ ।

(घ) आदिवासी, जातीय, उपजातीय र परम्परागत जनताको जमिनमाथिको अधिकारको सम्मान नगरिएसम्म जसका लागि उनीहरूको आ नो पहिलेको संस्कृति र आर्थिक हैसियत कायम गर्ने जमिन पनि उपलब्ध गराउनुपर्ने हुनसक्छ । यसका लागि पनि बाँध तोड्नुपर्ने आवश्यकता पर्नसक्छ ।

(ङ) अन्तरर्राष्ट्रिय सहायता तथा कर्जा निकायहरूद्वारा लगानी गरिएका वा अन्य तरिकाले समर्थन गरिएका सबै ठूला बाँधहरूको विस्तृत पुनरावलोकन गर्न एउटा अन्तर्राष्ट्रिय आयोग गठन गरी त्यसका नीतिगत निष्कर्षहरू कार्यान्वयन नभएसम्म । यस्तो पुनरावलोकनको स्थापना र प्रक्रिया बाँधप्रभावित जनताहरूको अन्तर्राष्ट्रिय आन्दोलनका प्रतिनिधिहरूद्वारा स्वीकृत र अनुगमन गरिएको हुनुपर्नेछ ।

(च) ठूला बाँधहरूमा लगानी गर्ने वा अन्य तरिकाले तिनको समर्थन गर्ने हरेक राष्ट्रिय वा क्षेत्रीय निकायहरूले प्रत्येक ठूला बाँध आयोजनाहरूको स्वतन्त्र र विस्तृत पुनरावलोकन गराई त्यसका नीतिगत निष्कर्षहरू कार्यान्वयन नगराएसम्म । त्यस्ता पुनरावलोकनहरू बाँधप्रभावित जनसङ्गठनक प्रतिनिधिहरूको सहभागितामा सम्पन्न गरिएको हुनुपर्नेछ ।

(छ) आधुनिक तथा परम्परागत दुवै ज्ञानको प्रयोग गर्दै उपयुक्त र दिगो प्रविधि एवम् व्यवस्थापनको प्रयोगलाई प्रबर्द्धन गर्ने ऊर्जा तथा स्वच्छ पानीसम्बन्धी नीतिहरू कार्यान्वयन नभएसम्म । यी नीतिहरूले पानी खेर फाल्ने र अत्यधिक उपयोग गर्ने कार्यलाई निरुत्साहित गर्ने र यी आधारभूत आवश्यकताहरूमाथि समतामूलक पहुँच सुनिश्चित गर्नुपर्ने हुन्छ ।

४. विश्वका धेरै भागमा रहेका देशहरूमाथि अन्तर्राष्ट्रिय संस्थाहरूद्वारा थोपरिएको निजीकरण प्रक्रियाले सामाजिक, आर्थिक र राजनीतिक निषेध र अन्यायलाई बढावा दिइरहेको छ । हामी यस प्रक्रियाले ऊर्जा र पानीका क्षेत्रमा विद्यमान भ्रष्टाचार, असक्षमता र अन्य समस्याहरूको समाधान गर्छ भन्ने दाबीलाई स्वीकार गर्दैनौँ जहाँ यी राज्यका नियन्त्रणमा छन् । हाम्रो प्राथमिकता जनताका आवश्यकता र चाहना सुनिश्चित गर्ने गरी विद्युत् तथा पानी उपलब्ध गराउने बस्तुहरूमाथि नागरिकहरूको लोकतान्त्रिक एवम् प्रभावकारी नियन्त्रण र व्यवस्थापन हो ।

५. विगतका वर्षहरूमा हामीले हाम्रो बढ्दो शक्ति देखाइसकेका छौँ । हामीले बाँध निर्माणस्थल र कार्यालयहरू अधिनस्थक्षेत्र, आ ना गाउँ र शहरहरूमा विरोध प्रदर्शन गरेका छौँ । धम्की, हिंसा र डुबानको सामना गर्नु परेता पनि आ नो जमिन छोड्न अस्वीकार गरेका छौँ । हामीले बाँध उद्योगमा विद्यमान भ्रष्टाचार, झुठ र खोक्रा आश्वासनहरूलाई उदाङ्गो पारेका छौँ । राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा हामीले ध्वङ्सात्मक विकास आयोजनाका विरूद्ध लडिरहेकाहरूसँग एकता कायम गरेर तथा मानवअधिकार, सामाजिक न्याय र वातावरणीय विध्ङ्सका विरूद्ध जुझिरहेकाहरूसँग मिलेर काम गरेका छौँ ।

pdfMachine by Broadgun Software

हामी सशक्त, बहुआयामिक र एकताबद्ध छौँ तथा हाम्रो लडाइँ न्यायपूर्ण छ। हामीले ध्वङ्सात्मक बाँधहरू रोकेका छौँ र बाँध निर्माताहरूलाई हाम्रा अधिकारहरूको सम्मान गर्न बाध्य तुल्याएका छौँ। हामीले विगतमा बाँधहरू बन्द गरेका छौँ र भविष्यमा थप अरू पनि बन्द गर्नेछौँ।

हामी ध्वङ्सात्मक बाँधविरूद्धको लडाइँमा प्रतिबद्ध रहने छौँ। भारत, ब्राजिल र लेसोथोका गाउँहरूबाट वासिङ्टन, टोकियो र लण्डनका बैठक कोठा सम्म पुगेर हामी बाँध निर्माताहरू लाई हाम्रा मागहरू पुरा गर्न बाध्य तुल्याउने छौँ।

हामी हाम्रो आन्दोलनलाई थप सशक्त बनाउन क्षेत्रीय र अन्तर्राष्ट्रिय सञ्जालहरू निर्माण गर्नेछौँ र तिनलाई बलियो बनाउने छौँ। हाम्रो बढ्दो एकतालाई चिनाउन हामी ब्राजिलको बाँधविरोधी सङ्घर्ष दिवस १४ मार्चलाई अब उप्रान्त बाँध विरोधी गतिविधि एवम् नदी, पानी र जीवनका निमित्त अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने घोषणा गर्दछौँ।

Aguas para la vida, no para la muerte!

Aguas para a vida, nao para a morte!

पानी जीवनका लागि, न कि मृत्युका लागि !

अनुवादकः दामोदर उपाध्याय

pdfMachine by BroadGun Software